कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

स्थापना : २०७३

पत्र संख्या : ०७८/०७९ मिति : २०७८/१०/१६

चलानी नं. : ४४५

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयका शिक्षकहरु !
कोहलपुर, बाँके ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको आ. व. २०७८/०७९ का लागि शिक्षातर्फ निशर्त अनुदान अन्तरगत 'सूचना प्रविधियुक्त शिक्षकसँग मेयर' कार्यक्रम अन्तरगत शिक्षकको पचास प्रतिशत लागत साझेदारीमा ल्यापटप खरिद तथा वितरण गर्ने कार्यक्रम रहेको हुँदा मिति २०७८/१०/१४ गते बसेको छनौट तथा सिफारिस समितिको सूचना प्रकाशन गर्ने निर्णय अनुसार इच्छुक सामुदायिक विद्यालयका शिक्षकहरुले यही **मिति २०७८/१०/२३ गते** कार्यालय समयभित्र तपसिलको शर्तको बमोजिम शिक्षा शाखामा निर्धारित ढाँचामा निवेदन पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल : शर्तहरु :-**

क) साझेदार वा लाभग्राही शिक्षक कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक हुनु पर्नेछ ।

ख) लाभग्राही शिक्षक कम्तिमा दुई वर्षदेखि कार्यरत रहेको र कम्तिमा पनि ५ वर्ष सेवा अवधि बाँकी रहेको हुनु पर्नेछ ।

ग) लाभग्राही शिक्षक सूचना तथा संचार प्रविधि तालिम वा कम्प्युटर तालिम लिएको भएमा प्राथमिकतामा राखिनेछ ।

घ) ल्यापटप बुझिसकेपछि कार्यान्वयनका सिलसिलामा कुनै खराबी आएमा कम्पनीको शर्त बमोजिमको ग्यारेन्टी/वारेन्टी बाहेकको मर्मत सम्भारको खर्च सम्बन्धित साझेदार शिक्षकले नै व्यहोर्नु पर्नेछ ।

ङ) लागत साझेदारीमा खरिद गरिएका ल्यापटपको स्वामित्व खरिद गरेको तीन वर्षसम्म नगरपालिकामा नै रहनेछ ।

च) इ-टेन्डर मार्फत कबोल भएको प्रति इकाइ लागत बराबरको पचास प्रतिशत रकम बुझाएको सक्कल भौचर सम्बन्धित शिक्षकले खरिद गर्नुपूर्व शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

छ) वितरण सम्बन्धी कार्य व्यवस्था 'सूचना प्रविधियुक्त शिक्षकसँग मेयर कार्यक्रम अन्तरगत ल्यापटप खरिद कार्यविधि - २०७८' बमोजिम हुनेछ ।

**निवेदनको साथमा पेश गर्नु पर्ने आवश्यक कागजातहरु :-**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि
- ICT वा कम्प्युटर सम्बन्धी तालिम लिएको भए सम्बन्धित कोर्सको प्रमाणपत्रको प्रतिलिपि
- विद्यालयको सिफारिस पत्र

रविलाल मिजार
शिक्षा शाखा प्रमुख

शिक्षा शाखा प्रमुख

बोधार्थ : श्री सूचना तथा संचार प्रविधि शाखा, कोहलपुर नगरपालिका (सूचना वेबसाइटमा राखिदिनको लागि)